# बुटवल पावर कम्पनी लिमिटेड
## बुद्धनगर, वानेश्वर, काठमाण्डौ

## २० औं वार्षिक साधारण सभामा भएका निर्णयहरु

**(क) पृष्ठभूमि:**

यस बुटवल पावर कम्पनी लिमिटेडको २०औं वार्षिक साधारण सभा मिति २०६९।०९।२२ (तद्नुसार जनवरी ६, २०१३) आइतवारका दिनको ११:०० बजे स्टार भेन्यु, नारायणचौर, नक्साल, काठमाण्डौमा संचालक समितिका अध्यक्ष श्री पद्म ज्योतिज्यूको अध्यक्षतामा बस्यो । संचालक समितिका अध्यक्ष, सदस्यहरु, शेयरधनीहरु, कम्पनीका पदाधिकारीहरु तथा आमन्त्रित सवै महानुभावहरुको आसन ग्रहण पश्चात् अध्यक्षज्यूको अनुमति लिई कम्पनी सचिवले २० औं वार्षिक साधारण सभाको कार्यक्रम संचालन गर्नु भयो ।

**(१) सभा सम्बन्धी सूचना र प्रकाशन :**

२० औं वार्षिक साधारण सभाको सूचना र विषयसूची तथा कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको संक्षिप्त आर्थिक विवरणहरु शेयरधनीहरुलाई कम्पनीमा उपलब्ध उहाँहरुको ठेगानामा पठाइएको थियो । सो सूचना तथा संक्षिप्त आर्थिक विवरणहरु शेयरधनीको सुविधाको लागि कम्पनीको वेभ पेज www.bpc.com.np मा समेत हेर्न मिल्ने व्यवस्था गरिएको थियो ।

मिति २०६९।०८।२७ गतेको कान्तिपुर राष्ट्रिय दैनिक र १२ डिसेम्बर २०१२ को काठमाण्डुपोष्ट दैनिकमा २०औं वार्षिक साधारण सभा सम्बन्धी सूचना प्रकाशित गरी सवै शेयरधनीलाई साधारण सभामा भाग लिन आमन्त्रण गरिएको थियो । साथै, मिति २०६९।०९।१८ मा कान्तिपुर दैनिक तथा काठमाण्डुपोष्ट पत्रिकामा सूचना प्रकाशित गरी साधारण सभा बस्ने स्थान कम्पनीको रजिष्ट्रर्ड कार्यालय बुद्धनगर, वानेश्वरको सट्टा स्टार भेन्यु, नारायणचौर, नक्साल, काठमाण्डौमा परिवर्तन गरिएको सम्बन्धमा संपूर्ण शेयरधनीहरुलाई जानकारी गराइएको थियो । सो सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र वोर्ड तथा नेपाल स्टक एक्सचेन्ज लि.मा समेत जानकारी गराइएको थियो ।

## (२) उपस्थिति :

### अ) संचालकहरु :

| | |
|---|---|
| १. श्री पद्म ज्योति | अध्यक्ष |
| २. श्री प्रदीप कुमार श्रेष्ठ | संचालक |
| ३. श्री विजय बहादुर श्रेष्ठ | संचालक |
| ४. श्री विजय कृष्ण श्रेष्ठ | संचालक |
| ५. श्री रत्न संसार श्रेष्ठ | संचालक |
| ६. श्री अनुप कुमार उपाध्याय* | संचालक |
| ७. श्री राजिव राज भण्डारी | वैकल्पिक संचालक |
| ८. श्री संजिव राज भण्डारी | वैकल्पिक संचालक |
| ९. श्री ओम प्रकाश श्रेष्ठ | वैकल्पिक संचालक |

♦ संचालक श्री अनुप कुमार उपाध्याय कार्य व्यस्तताका कारण साधारण सभामा उपस्थित हुन नसक्नु भएको हुँदा सो सम्वन्धमा सभालाई जानकारी गराइएको थियो ।

### आ) कम्पनीका पदाधिकारीहरु:

| | |
|---|---|
| १. श्री रंजन लोहार | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री प्रतिक मान सिंह प्रधान | भाईस प्रेसिडेण्ट, व्यवसाय विकास तथा आयोजना |
| ३. श्री राधेश्याम श्रेष्ठ | भाईस प्रेसिडेण्ट, वित्त |
| ४. श्री रत्न शंभब शाक्य | प्रमुख, कार्पोरेट |
| ५. श्री प्रकाश कुमार श्रेष्ठ | प्रमुख, संचालन |
| ६. श्री मुरली प्रसाद शर्मा | कम्पनी सचिव |

### इ) शेयरधनीहरु:

साधारण सभामा कुल शेयरधनीहरु मध्ये ११८ जना (संस्थागत शेयरधनी तथा प्रतिनिधि समेत) शेयरधनीहरुको उपस्थिति रहेको थियो ।

## (ख) गणपूरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व:

| विवरण | जम्मा संख्या | उपस्थिति संख्या | % उपस्थिति |
|---|---|---|---|
| कम्पनीको शेयर कित्ता | १,०१,५२,६९४ कित्ता | ८७,४९,८३४ कित्ता | ८६.१८ |
| कम्पनीको शेयरधनी | १११२ जना | ११८ जना | १०.६१ |

## (ग) सभाको वैधानिकताः

कम्पनी सचिवले कम्पनी ऐन, २०६३ अनुसार साधारण सभा संचालन गर्नको लागि निर्दिष्ट गणपूरक संख्या पुगेको जानकारी गराउँदै सभा प्रारम्भ गर्न अनुमति माग्नु भयो । शेयरधनीहरुको सभाले कम्पनीको वार्षिक साधारण सभाका लागि गणपूरक संख्या पुगेको र सभा रित पूर्वक बोलाईएको ठहर गरी विधिवत् रुपमा साधारण सभाको कार्यवाही अगाडि बढाउने निर्णय गऱ्यो ।

अध्यक्षज्यूको अनुमति लिई कम्पनी सचिवले सभामा छलफल हुने विषयसूची र प्रस्तावहरु शेयरधनीहरु समक्ष प्रस्तुत गर्नु भयो । छलफल तथा निर्णयार्थ सभामा प्रस्तुत हुने विषयसूचीलाई साधारण सभाले सर्वसम्मतिवाट स्वीकृत गऱ्यो । तत्पश्चात साधारण सभामा विषयसूची अनुसार प्रस्तावहरु प्रस्तुत एवं निर्णय भए ।

## (घ) छलफलका विषयहरुः

साधारण सभामा छलफल तथा निर्णयका लागि देहायका विषयहरु प्रस्तुत गरिएका थिए ।

(१) संचालक समितिको प्रतिवेदन प्रस्तुती र त्यस उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०६९ आषाढ मसान्तको वासलात र आ.व. २०६८।६९ को वार्षिक नाफानोक्सान हिसाव विवरण र नगद प्रवाह विवरण माथि छलफल गरी पारित गर्ने ।

(३) लेखापरीक्षण समितिको सिफारिस अनुसार आ.व. २०६९।७० को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(४) संचालक समितिले सिफारिस गरे वमोजिमको चुक्ता पूंजीको पच्चिस प्रतिशत नगद लाभांश वितरण गर्न स्विकृत गर्ने ।

(५) शेयर निष्काशन गर्दाका बखत कायम रहेको शेयरको आधारमा हकप्रद शेयर निष्काशन गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

(६) विविध ।

## (ङ) सभाको संचालन तथा प्रतिवेदनको प्रस्तुतिः

अध्यक्ष श्री पद्म ज्योतिले संचालक समितिको आ.व. २०६८।०६९ को वार्षिक प्रतिवेदन साधारण सभा समक्ष प्रस्तुत गर्नु भयो । अध्यक्षज्यूले वार्षिक प्रतिबेदन प्रस्तुत गरेपश्चात कम्पनी सचिबले अध्यक्षजयूबाट प्रस्तुत भएको प्रतिबेदन तथा शेयरधनीहरुलाई उपलब्ध गराइएको आ. ब. २०६८।०६९ को आर्थिक बिवरण माथि छलफल, राय प्रतिकृया ब्यक्त गर्न तथा सुझाब प्रस्तुत गर्न कम्पनी सचिबले उपस्थित शेयरधनीहरुलाई अनुरोध गर्नु भयो ।

अध्यक्षज्यूवाट अनुमति लिएर दश जना शेयरधनीहरुले संचालक समितिको वार्षिक प्रतिवेदन तथा आ.व. २०६८।६९ को लेखापरीक्षण भएको आर्थिक विवरणहरु उपर आफ्नो राय, प्रतिकृया तथा सुझावहरु राख्नु भएको थियो । उहाँहरुको राय, सुझाव र प्रतिकृयाहरु निम्न वमोजिम रहेको थियो :

(१) **श्री व्यास कुमार शर्माः** कम्पनीका राम्रा पक्षहरुका सम्बन्धमा अध्यक्षज्यूवाट व्यक्त भएका विचारलाई समर्थन गर्दै आय बृद्धि भएको र सहायक कम्पनीको प्रगति पनि राम्रै देखिएको हुँदा कम्पनीको कार्यसंपादन राम्रो रहेको भनी व्यवस्थापन तथा कर्मचारीहरुलाई धन्यवाद दिनु भयो । हकप्रद शेयर यसै बर्ष आउने भए पच्चिस प्रतिशत नगद लाभांश दिन लागेको राम्रै छ भन्दै आगामी वर्षमा शेयरधनीहरुलाई बोनस शेयर तथा नगद लाभांश मिलाएर वितरण गर्न सुझाव दिनु भयो । राष्ट्रिय प्रशारणमा बिपिसिको योगदान ३.०२ प्रतिशतमा सिमित भएको तर्फ इङ्गित गर्दै किन नयाँ आयोजनाहरु ढिला भएका छन् भन्ने जिज्ञासा राख्नु भयो र कम्पनीले विकास गर्न लागेका आयोजनाहरु ढिला हुनको कारणका सम्बन्धमा समेत प्रतिवेदनमा स्पष्ट नपारिएको गुनासो व्यक्त गर्नु भयो । सिरोभार खर्च तथा व्यवस्थापन खर्च बढेको तर कर्मचारी असन्तुष्ट भएको पाइएको हुँदा सो सम्बन्धमा संचालक समितिले उचित ध्यान पुऱ्याउन नसकेको हो कि भन्ने जिज्ञासा राख्नु भयो । अन्तमा आगामी वर्षमा पनि नगद लाभांश पच्चिस प्रतिशतवाट घट्ने छैन, वरु बढ्दै जानेछ भन्ने अपेक्षा गरिएको कुरा व्यक्त गर्नु भयो ।

(२) **श्री दामोदर प्रसाद रेग्मीः** कम्पनीले गरेका राम्रा कामको लागि धन्यवाद दिदै राम्रा व्यक्तिहरु संचालक समितिमा हुनु भएको हुँदा संस्थागत रुपमा अगाडि बढी कानून सम्मत तरिकाले चल्नु पर्दछ भन्ने सुझाब दिनु भयो । सिरोभार खर्चमा बृद्धि भएको र कर्मचारीहरुमा असन्तुष्टि आएको तर्फ प्रश्न गर्दै कम्पनीको बृद्धि तथा कर्मचारीको विकासलाई संगसंगै अगाडि बढाउन, हायर एण्ड फायरको नीति अवलम्बन गर्न, व्यवस्थापन परिस्थिती अनुसार नरम वा कडा हुन तथा व्यक्तिगत प्रभाववाट नभई नियम बनाएर नियमानुसार कार्य गर्न सुझाव दिदै नतिजामुलक व्यवस्थापन हुनु पर्नेमा जोड दिनु भयो । त्यसैगरी ठोस लाभांश नीति हुनु पर्ने भन्दै नगद लाभांशका साथै बोनस शेयर दिनेतर्फ पनि सोचाई राख्न सुझाव दिनु भयो । अन्तमा हकप्रद शेयर छिट्टै जारी होस् भनी अनुरोध गर्नु भयो ।

(३) **श्री उद्धव प्रसाद भट्टराईः** कम्पनीको सत्रौं वार्षिक साधारण सभाले हकप्रद शेयर जारी गर्ने निर्णय गरेको भएपनि अझै जारी नगरिएको हुँदा सो हकप्रद शेयर कहिले सम्म जारी भई सक्ने हो भन्ने सम्बन्धमा स्पष्ट पार्न अनुरोध गर्नु भयो । ठोस लाभांश

नीतिको आवश्यकता तर्फ औंलाउँदै नगद लाभांश तथा बोनस शेयर दिंदा वजार पूँजीकरण बढ्ने हुँदा त्यता तर्फ ध्यान दिन अनुरोध गर्नु भयो । त्यसैगरी संचालन खर्च नियन्त्रण गर्न, व्यवस्थापन र कर्मचारीहरु विचको असमझदारी चाँडै समाप्त गर्न, कुल दायित्व र सम्पत्तिको तुलनामा पूँजी बढाउन तथा कम्पनीको स्थापनाको रजत वर्ष नजिकै आएको हुँदा त्यसलाई समेत मध्यनजर गरी कार्यसम्पादन गर्न सुझाव प्रस्तुत गर्नु भयो ।

(४) **श्री अमृत नाथ रेग्मी:** यो कम्पनी होल्डिङ्ग कम्पनीको रुपमा रहेको हुँदा यसको ट्रेजरी व्यवस्थापन राम्ररी गरिनु पर्ने, कम्पनीले सहायक कम्पनीमा कति लगानी गर्ने भन्ने सम्बन्धमा स्पष्ट नीति तय गरि अघि बढ्नु पर्ने, कर्मचारी माग गर्दै जाने र व्यवस्थापन जथाभावी खर्च गर्दै जाने गर्दा पछि कर्मचारीलाई खर्च पुऱ्याउन नसकि कम्पनीनै बन्द हुन सक्ने अवस्था आउन सक्ने जोखिम भएको हुँदा कर्मचारीहरुको माग तथा व्यवस्थापकिय कार्यमा सन्तुलन गर्दै अघी बढ्नु आवश्यक भएको कुरा औंल्याउदै आयोजनाहरु किन असफल भए भन्ने सम्बन्धमा मुल्यांकन गरी विस्तृत विवरण शेयरधनीहरुलाई जानकारी गराउन सुझाब दिनु भयो । हकप्रद शेयर जारी गर्दा साना खण्डे शेयर पाउनेको हकमा थप एक शेयर दिनेगरी शेयर जारी हुनु पर्ने तथा विज्ञहरुको सेवा लिएर कम्पनी संचालन गरिनु पर्ने तर्फ ध्यान दिनु पर्ने भन्दै स्थानीय सहभागिता अभिबृद्धि गर्न र कम्पनीका संयन्त्रहरु तथा नियन्त्रण प्रणालीमा कहाँ कमी कमजोरी भए भनेर मुल्यांकन तथा विश्लेषण गरेर अघि बढ्न सुझाब दिदै संचालक समितिले आफ्ना समस्या तथा नराम्रो हुन गएका कुरा पनि प्रतिबेदनमा उल्लेख गर्न अनुरोध गर्नु भयो ।

(५) **श्री रत्न संसार श्रेष्ठ:** विदेशी शेयरधनी आई.के.एन.को प्रतिनिधिको हैसियतले २०औं बार्षिक साधारण सभाको उपलक्ष्यमा कम्पनीलाई यो अवस्थामा ल्याई पुऱ्याउन सहयोग गर्ने सबैलाई शुभकामना तथा बधाई व्यक्त गर्नु भयो । आयोजना विकासमा भएका गल्ती तथा कमी कमजोरी तर्फ औंल्याउँदै मर्स्याङ्गदी तेश्रो जलबिद्युत आयोजना असफल भई केटोन हाइड्रोपावर लि.मा भएको रु. १.४४ करोड अपलेखन गर्ने कार्य भएको, ४ करोड भन्दा बढी रकम प्रोभिजनिङ्ग गरिएको तथा आँधिखोलाको क्षमता बृद्धि आयोजनाको निर्माण तालिका नमिलेको कारण अनावश्यकरुपमा एक महिना बिद्युत गृह बन्द भई चालु आर्थिक वर्षमा कम्पनीले बिद्युत आय तर्फ नोक्सान बेहोर्नु पर्ने अवस्था आएको तर्फ सचेत हुनु पर्ने विचार व्यक्त गर्नु भयो ।

(६) **श्री डम्मरु वल्लभ घिमिरे:** कम्पनीले पच्चिस प्रतिशत नगद लाभांश दिन लागेकोमा धन्यवाद दिदै आधा नगद आधा बोनस शेयर दिएको भए अझ राम्रो हुने थियो भन्ने

विचार व्यक्त गर्नु भयो । विगतमा यस कम्पनीमा सहायक कम्पनीहरु थपिदै जाँदा लोडसेडिङ्ग अन्त्य हुने तर्फ आशावादी भएपनि कम्पनीले उत्पादन बढाउन नसकेको, हकप्रद शेयर जारी गर्ने विषयमा चार बर्ष देखी कुरा मात्रै हुँदै आएको, आँधिखोलामा आयोजना निर्माणको तालिका र बिद्युत गृह बन्द गर्ने तालिकामा तालमेल नभई कम्पनीलाई नोक्सानी हुने अवस्था आएको तथा व्यवस्थापनको खर्च बढ्दै गएको तर्फ औंल्याउँदै कुरा अनुसार काम गर्न सुझाब दिनु भयो । व्यवस्थापन खर्चलाई नियन्त्रण गर्न तथा शेयरधनीहरु बर्षको एकपटक मात्र कराउँछन् भन्ने धारणा नराख्न अनुरोध गर्नु भयो । त्यसै गरी संचालक समिति अर्न्तगतका समितिहरुको भत्ताका सम्बन्धमा स्पष्ट नभएको तथा साधारण सभाको स्थल किन सार्नु परेको भन्ने सम्बन्धमा शेयरधनीहरुलाई खुलस्त नगरिएको गुनासो राख्नु भयो । अन्तमा कर्मचारीहरुलाई जारी हड्ताल रोक्न तथा व्यवस्थापनलाई आफ्नो प्रतिवद्धता अनुसार कम्पनीको हितमा काम गर्नको लागि अनुरोध गर्नु भयो ।

(७) **श्री उमेश भट्टराईः** सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व गर्ने संचालकको पद रिक्त नराख्न तथा रिक्त भएकोमा बैकल्पिक व्यवस्था गर्न सुझाव दिनु भयो । त्यसैगरी हकप्रद शेयर कहिले सम्ममा जारी गर्ने हो स्पष्ट पार्न अनुरोध गर्नु भयो । लाभांश बितरण सम्बन्धमा दिर्घकालिन लाभांश नीति बनाई लगातार लाभांश वितरण गर्दै जान सक्ने वातावरण श्रृजना गर्न तथा आयोजना प्रभावित क्षेत्रका वासिन्दालाई समेत शेयर दिने व्यवस्था हुन सुझाब दिनु भयो । अन्तमा कम्पनीले विशेष शेयरधनी र अन्य शेयरधनी भनी व्यवहार गर्दे आएको बुझिएको हुँदा आगामी दिनमा यस्तो किसिमको व्यवहार कम्पनीले नगरोस् भन्ने अनुरोध गर्नु भयो ।

(८) **श्री रोज कुमार श्रेष्ठः** कम्पनीले जलबिद्युतको अलावा अन्य नविकरणीय उर्जाहरु जस्तै सोलार पावर, वाइण्ड पावर आदिमा समेत लगानी गर्नु राम्रो हुने विचार व्यक्त गर्नु भयो । हिमाल पावर लिमिटेडवाट प्राप्त लाभांशको रकमको तुलनामा कम्पनीको आफ्नो मुनाफा कम भएको र यस दृष्टिले कम्पनीले वितरण गर्न प्रस्ताव गरेको २५ प्रतिशत लाभांशलाई सामान्य मान्नु पर्ने विचार व्यक्त गर्नु भयो । आम्दानी ४६ प्रतिशतले बढेको तर खर्च ५३ प्रतिशतले बढेको हुँदा आम्दानी र खर्चमा सन्तुलन हुनु पर्ने आवश्यकता तर्फ औंल्याउँदै लोअर मनाङ्ग मर्स्याङ्गदी आयाजनाले कम्पनीको जिवनमा ठुलो महत्व राख्ने र यसको सफलता असफलताले कम्पनीको भविश्यमा ठुलो प्रभाव पार्ने भएको हुँदा यो आयोजनाको सम्बन्धमा शेयरधनीलाई विस्तृत जानकारी उपलब्ध गराउन अनुरोध गर्नु भयो । अन्तमा कम्पनीको हितलाई केन्द्रमा राखी कर्मचारीहरु प्रति सहीरुपमा प्रस्तुत हुन सुझाव दिनु भयो ।

(९) **श्री महेन्द्र बहादुर श्रेष्ठः** जलबिद्युत क्षेत्रमा भुटानले गरेको प्रगतिवाट नेपाललेपनि पाठ सिक्नु पर्ने विचार व्यक्त गर्नु भयो । सहायक कम्पनीहरुको कार्य राम्रै छ, तर त्यहाँ संस्थागत सुशासन कति छ, त्यसमा ध्यान दिनु पर्दछ भन्नु भयो । त्यसैगरी सामाजिक उत्तरदायित्वका विषयमा विशेष ध्यान पुऱ्याउन, हकप्रद शेयर यथाशक्य चाँडो जारी गर्न, नगद लाभांशलाई बृद्धि गर्न तथा कम्पनीको लगानीलाई थप विस्तार गर्नको लागि सुझाव दिनु भयो । अन्तमा साधारण सभा स्थल परिवर्तन भएको सम्बन्धमा धारणा राख्दै परिस्थितीवश कम्पनीको कार्यालयमा सभा नहुने भए समयमै सोच विचार गरी सभा स्थल अन्य स्थानमा तय गर्नको लागि सुझाव दिनु भयो ।

(१०) **श्री नारायण सुन्दर श्रेष्ठः** पूर्व वक्ता शेयरधनीहरुले व्यक्त गर्नु भएको विचार तथा दिनु भएको सुझावहरु प्रति आफ्नो समर्थन जनाउँदै अहिलेको तरल र कठिन औधोगिक वातावरणमा हामी शेयरधनीहरुको लगानी धराशायी नहोस् भन्नका लागि विशेष ध्यान पुऱ्याउन संचालक समितिलाई अनुरोध गर्नु भयो । सरकारको अनिश्चितताका कारण शेयर वजारनै धरासायी भएको र नियमनकारी निकायले पनि प्रभावकारी भूमिका निर्वाह गर्न नसकिरहेको विचार व्यक्त गर्नु भयो । कर्मचारीहरुको असन्तुष्टिका विषयमा संचालक समितिले समयमै ध्यान दिन सुझाव दिनु भयो । अन्तमा कम्पनीले प्रकाशित गर्दै आएको वार्षिक प्रतिवेदन अंग्रेजी भाषामा मात्र आउने गरेको हुँदा शेयरधनीहरुको हित र आवश्यकतालाई मध्यनजर गरी सो वार्षिक प्रतिवेदन नेपाली भाषामा समेत प्रकाशित गरी उपलब्ध गराउन अनुरोध गर्नु भयो ।

(११) **श्री पुरुषोत्तम राज चिमौरीयाः** १७ औं वार्षिक साधारण सभाले पारित गरेको हकप्रद शेयर कहिले दिने भन्ने सम्बन्धमा स्पष्ट पार्न अनुरोध गर्दै यस वर्ष बोनस शेयर दिएको भए सुनमा सुगन्ध हुने थियो भन्ने विचार व्यक्त गर्नु भयो ।

शेयरधनीहरुले संचालक समितिको प्रतिवेदन तथा आ.व. २०६८।६९ को आर्थिक विवरण उपर आफ्नो राय, प्रतिकृया तथा सुझावहरु राख्ने कार्य सम्पन्न भए पछि शेयरधनीले उठाएका जिज्ञासाहरु उपर संचालक समितिको तर्फवाट भनाई राखिदिन कम्पनी सचिवले अध्यक्षज्यूलाई अनुरोध गर्नु भयो ।

अध्यक्षज्यूले शेयरधनीहरुले साधारण सभामा उपस्थित भई प्रस्तुत प्रतिवेदन उपर छलफलमा सक्रियरुपमा भाग लिई कम्पनीको हित र उन्नतिको निमित्त देखाउनु भएको चासो, चिन्ता तथा जागरुकताले आफुलाई धेरै खुसी लागेको छ भन्दै शेयरधनीहरुवाट प्रस्तुत हुन आएका सुझावहरुको लागि उहाँहरुलाई धन्यवाद दिनुभयो । शेयरधनीहरुका सुझाव तथा जिज्ञासाहरुका सम्वन्धमा संचालक समितिको तर्फवाट निम्न अनुसार स्पष्ट पार्नु भयो:

१. कम्पनीले जारी गर्ने हकप्रद शेयर उत्पादनशिल क्षेत्रमा खर्च गरी राम्रो प्रतिफल दिनु पर्ने सम्बन्धमा संचालक समितिको स्पष्ट धारण भएको हुँदा अनुत्पादकरुपमा राखी राख्नु उचित नदेखिएकोले हकप्रद शेयर जारी गर्ने कार्यमा ढिलाई हुन गएको हो । आयोजना कार्यान्वयन गर्न देशको समग्र वातावरण उत्साहजनक नभएका कारणवाट समेत शेयर जारी गरी पूंजि उठाउन ढिला हुन पुगेको हो । कम्पनीका अयोजनाहरुको प्रगति समेतलाई मध्यनजर गर्दै यो वर्ष अपेक्षा गरिए अनुसारनै ३:२ को अनुपातमा हकप्रद शेयर जारी गरिने छ ।

२. सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व गर्ने संचालकको निर्वाचन आगामी वर्ष गरिने छ र अन्तरिम कालको लागि आवश्यक व्यवस्था गरिने छ ।

३. वार्षिक साधारण सभा स्थल बुटवल तथा अन्य शहरहरु भन्दा काठमाण्डौनै उचित हुने भएको हुँदा काठमाण्डौमा वार्षिक साधारण सभा गरिएको हो ।

४. आयोजनाहरुको सम्बन्धमा कामहरु अघि बढीनै रहेको छ । तर देशको अवस्थामानै सुधार हुन नसकेको कारण कम्पनीमा समेत त्यसको प्रभाव परेको छ । इन्फ्राको तथा आई.एफ.सि. जस्ता संस्थाहरुलाई विश्वासमा लिएर कम्पनी बढिरहेको हुँदा त्यसको प्रतिफल यहाँ शेयरधनीहरुले समेत पाउनु हुनेछ । केही आयोजनाहरुको हकमा शुरुमा राम्रै देखिई अगाडी बढाइएको भएपनि अध्ययन गर्दै जांदा फाइदा जनक हुने नदेखिएपछि ति आयोजनाहरु छोड्नु परेको हो । तर, सो कार्यमा पनि नोक्सानीलाई सिमिति गर्ने तर्फ उचित ध्यान दिई समयमा नै निर्णय लिइएको थियो । खर्च प्रोभिजनिङ्ग गरी कम्पनीको वास्तविक अवस्था दर्शाई पारदर्शिता कायम गरिएको हुँदा यसलाई सकारात्मक रुपमा हेरिनु पर्दछ ।

५. होल्डिङ्ग कम्पनीको सम्बन्धमा समेत राम्रो अध्ययन गरेरनै गरिएको छ । विज्ञहरुको सुझाव लिएर अघि बढ्नको लागि प्राप्त सुझावलाई मनन गरिने छ ।

६. संचालक समितिले कम्पनीको संस्थागत सुशासनको मुल्य  मान्यता अनुरुपनै लेखापरिक्षण समिति, वजेट समिति तथा मानव संशाधन समितिको गठन गरेको हो । गत वर्ष लेखापरिक्षण समितिको ४ वटा, वजेट समितिको २ वटा तथा मानव शंसाधन समितिको १ वटा बैठक भएको थियो । साथै, संचालक समितिको १४ वटा बैठक भएको थियो ।

७. कम्पनीको खर्चको सम्बन्धमा, संचालक समितिले खर्च कटौतीलाई बिशेष ध्यान दिने छ । कर्मचारीहरु पनि शेयरधनी हुनाको साथै शिक्षित समेत भएका हुँदा छलफलवाट एक अर्काका कुराहरु बुझेर बुझाएर सम्झौतामा पुगिने विश्वास रहेको छ ।

८. आँधिखोला क्षमता वृद्धि आयोजनाको निर्माणको चरणमा बिद्युत गृह बन्द गर्ने कार्य ठेकेदारसंग छलफल गरी तय गरिएको भएतापनि केही दिन अघि बन्द हुन गएको हो र यसवाट हुन सक्ने नोक्सानलाई कम गर्न उपयुक्त कदम चालिने छ ।

९. शेयरधनी महानुभाबहरुले उल्लेख गर्नु भएको कर्मचारीहरुले सञ्चालन गरेको बिरोधको कार्यक्रमको साथ साथै हाल कम्पनीको कार्यालयमा निर्माणको कार्य भईरहेको र पुरानो भवन भत्काउने कार्य पनि भइरहेको कारणले साधारण सभाको सभा स्थल परिवर्तन गर्नु परेको हो ।

शेयरधनीहरुवाट उठाइएका जिज्ञासा तथा प्रश्नहरुका सम्वन्धमा अध्यक्षज्यूवाट स्पष्ट पार्ने कार्य सकिएपछि कम्पनी सचिवले साधारण सभाको विषयसूचीमा उल्लेख भए वमोजिम प्रस्तावहरु स्वीकृतिका निमित्त क्रमशः सभा समक्ष प्रस्ताव राख्नु भयो ।

## (च) निर्णयहरुः

(१) साधारण सभा समक्ष प्रस्तुत आ.व. २०६८।०६९ को संचालक समितिको वार्षिक प्रतिवेदन पारित गर्न प्रस्ताव गरिएकोमा सभावाट उक्त प्रतिवेदन सर्व सम्मतिवाट पारित गर्ने निर्णय भयो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको लेखापरीक्षण भएको आ.व. २०६८।६९ को आर्थिक विवरणहरु (२०६९ आषाढ मसान्तको वासलात र आ.व. २०६८।०६९ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह) स्विकृतीको लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभावाट सर्वसम्मतिले उक्त आर्थिक विवरणहरु पारित गर्ने निर्णय भयो ।

(३) लेखापरीक्षण समितिका अध्यक्ष श्री रत्न संसार श्रेष्ठले श्री पि.पि.प्रधान एण्ड कम्पनीले आ.व. २०६६।०६७, २०६७।६८ र २०६८।०६९ सम्म बिगत तिन बर्षको कम्पनीको हिसाव कितावको लेखापरीक्षण गरी सकेकोले कम्पनी ऐन, २०६३ अनुसार यस आ.व. ०६९।०७० को हिसाब किताब लेखापरीक्षण गर्नको लागि निजलाई नै निरन्तरता दिनु उचित नभएकोले कम्पनीले बिभिन्न चार्टर्ड एकाउन्टेण्ट फर्महरुसंग प्रस्ताब माग गरेकोमा श्री सुन्दर एण्ड कम्पनी, केबि चित्रकार एण्ड कम्पनी, एसआर पाण्डेय एण्ड कम्पनी र राज एमएस एण्ड कम्पनीबाट प्रस्ताब प्रप्त भएको कुरा सभालाई जानकारी गराउनु भयो । उहांले प्राप्त चार

प्रस्ताबहरु मध्य लेखापरिक्षण समितिले श्री एसआर पाण्डेय एण्ड कम्पनीको १५ बर्ष लामो अनुभब र उचित फि मागलाई बिचार गरी आ. ब. ०६९।०७० को लागि लेखापरिक्षक नियुक्त गर्न सिफारिस गर्ने निर्णय गरेको कुरा पनि सभा समक्ष जानकारी गराउनु भयो । साथै लेखापरीक्षण समितिका अध्यक्ष श्री रत्न संसार श्रेष्ठले लेखापरिक्षण शुल्क रु २२०,०००। ( मुल्य अभिवृद्वि कर, वाह्य भत्ता, स्थानीय सुविधा तथा यातायत खर्च बाहेक) दिने गरी श्री एसआर पाण्डेय एण्ड कम्पनीलाई आ. ब. ०६९।०७० को लागि लेखापरिक्षक नियुक्त गर्न सभा समक्ष प्रस्ताब गर्नु भयो । सभावाट प्रस्ताव गरे बमोजिम नै श्री एसआर पाण्डेय एण्ड कम्पनीलाई रु २२०,००० (दुई लाख बिस हजार रुपैयाँ) मुल्य अभिवृद्वि कर, वाह्य भत्ता, स्थानीय सुविधा तथा यातायत खर्च बाहेक (Excluding of VAT, out-station allowance and travel expenses) लेखापरीक्षण शुल्क दिने गरी आ.व. २०६९।०७० को हिसाब किताब लेखापरिक्षण गर्नकालागि लेखापरीक्षक नियुक्ति गर्ने सर्वसम्मतिवाट निर्णय भयो ।

(४) आ.व. २०६८।०६९ को आर्थिक विवरणमा व्यवस्था गरिए बमोजिम चुक्ता पूँजीको पच्चिस प्रतिशत नगद लाभांश वितरण गर्न संचालक समितिवाट साधारण सभा समक्ष सिफारिस भई सोही अनुसार लाभांश वितरण गर्न प्रस्ताव गरिएकोमा प्रस्ताव वमोजिम २० औं वार्षिक साधारण सभाको निमित्त शेयर दाखिल खारेज बन्द भएको मिति भन्दा अघिल्लो दिनमा कायम रहेका शेयरधनीहरुलाई चुक्ता पूंजीको पच्चिस प्रतिशत नगद लाभांश वितरण गर्ने सर्वसम्मतिवाट निर्णय भयो ।

(५) हकप्रद शेयर जारी सम्वन्धी विषेश प्रस्तावका सम्बन्धमा, कम्पनीको १७ औं साधारण सभाले हकप्रद शेयर जारी गर्ने प्रस्ताव पारित गरी प्रक्रिया अगाडि बढाइएकोमा १७ औं तथा १८ औं साधारण सभाबाट बोनस शेयर समेत बितरण भएको परिप्रक्षमा सो हकप्रद शेयर जारी गर्दा हकप्रद शेयर हुँदाको वखत कायम रहेका चुक्त पूँजी अर्थात चुक्ता शेयर संख्याको आधारमा जारी गर्ने गरी स्पष्ट हुन आबश्यक भएकोले प्रस्तुत बिशेष प्रस्ताब पेश गरिएको सभामा जानकारी गराई स्विकृतिको लागि सभा समक्ष प्रस्ताब गरियो । हकप्रद शेयर जारी गर्ने प्रयोजनको लागि शेयर दाखिल खारेज बन्द हुने मितिमा कायम रहेका शेयरधनीलाई त्यस्तो शेयरधनीले सो मितिमा धारण गरेको शेयर संख्याको आधारमा निजले लिएको तिन (३) शेयर बराबर दुइ (२) शेयरको अनुपातमा हकप्रद शेयर दिने र सो अनुसार हकप्रद शेयर निश्कासन गर्न तथा हकप्रद शेयर निश्कासन गर्ने मिति तय गर्ने अधिकार समेत संचालक समितिलाई दिने सर्वसम्मतिबाट निर्णय भयो ।

(६) विविध शिर्षक अर्न्तगत कुनै पनि प्रस्ताव नभएको हुँदा सो शिर्षक अर्न्तगत अन्य कुनै निर्णय भएन ।

## (छ) सभा विसर्जनः

कम्पनी सचिवले साधारण सभाको निर्धारित विषयसूची अनुसार छलफल तथा निर्णयहरु भएको हुँदा अध्यक्षज्यूलाई २० औं वार्षिक साधारण सभा अन्त्य भएको घोषणा गर्दै सभा विसर्जन गर्नको लागि अनुरोध गर्नु भयो ।

अध्यक्षज्यूले कम्पनीको २० औं वार्षिक साधारण सभामा सहभागी भई सभालाई सूचारु रुपमा सम्पन्न गर्न गराउन सहयोग पुऱ्याउनु भएकोमा सबै शेयरधनीहरु, संचालक समितिका सहकर्मि सदस्यहरु, व्यवस्थापक तथा कर्मचारीहरु, शेयर रजिष्ट्रार, आमन्त्रित व्यक्तित्वहरु, मिडिया तथा कम्पनीको प्रगतिमा प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो । अध्यक्षज्यूले शेयरधनीहरुले संचालक समिति प्रति देखाएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्दै २० औं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नु भयो । साधारण सभा अपरान्ह २.१५ वजे विसर्जन भएको थियो ।

| | |
|---|---|
| ............................ | ............................ |
| (मुरली प्रसाद शर्मा) | (पद्म ज्योति) |
| कम्पनी सचिव | अध्यक्ष |